**Journal of Bhuwanishankar (JoBS)**
**A Peer Reviewed Research Journal**
ISSN: 2961-1938 (Print), 2961-1946 (Online)

# द्रौपदी अवशेष उपन्यासमा उपरीसंरचना

**दीपकप्रसाद ढकाल***
Received: July 17, 2023 Accepted: August 23, 2023
deepakdhakal973@gmail.com

**सार**

*प्रस्तुत लेख द्रौपदी अवशेष उपन्यासमा चित्रित समाज र त्यसको बाह्य तलीय संरचनामा केन्द्रित छ । यस लेखको शोध क्षेत्र र समस्या सोद्देश्य रूपले चयन गरिएको हो । उपन्यासले सन्दर्भित गरेको दिक्‌काल स्वतस्फुर्त, स्वाभाविक र प्राकृतिक स्थिति होइन । सन्दर्भित दिक्‌कालका पछाडि रहेका कारक घटकको बाह्य प्रतिफलन उपरीसंरचना हो । साहित्यको समाजशास्त्रले यसको घटकीय सम्बन्ध तथा परिणाम अध्ययन गर्छ । यस लेखमा अनुसन्धानको रिक्ततालाई प्राज्ञिक रूपले सम्बोधन गर्न पुस्तकालय कार्यबाट प्राप्त सामग्री प्रयोग गरिएको छ । त्यसैले प्राथमिक (दौपदी अवशेष) तथा द्वितीयक (दौपदी अवशेष उपन्यासका बारेमा भएका अध्ययन र साहित्यको समाजशास्त्रसँग सम्बद्ध सैद्धान्तिक) सामग्रीको स्रोत पुस्तकालय हो । विश्लेषणका निम्ति आरम्भमा निगमनात्मक प्रक्रिया अपनाइएको छ भने मण्डन तथा सत्यापनका क्रममा आगमनात्मक विधि प्रयोग गरिएको छ । विश्लेषणका सैद्धान्तिक प्रारूपबाट अवधारणा निर्माण तथा त्यसबाट प्राप्त पृष्ठपोषणका आधारमा कृतिका साक्ष्यको तर्कसङ्गत विश्लेषण गरी प्रस्तुत लेखको अध्ययन प्रक्रिया सम्पन्न गरिएको छ । द्रौपदी अवशेष उपन्यास नेपालको पश्चिमोत्तर हिमाली जिल्ला हुम्लाको समाज चित्रणमा केन्द्रित छ । यस उपन्यासमा कुनै पनि समुदाय र समाज त्यहाँको प्राकृतिक चयनप्रक्रियाको परिणाम हो, प्रकृतिले प्रदान गरेका जैविक आधार तथा ती आधारसँग अनुकूलीकृत हुने क्रमको स्थिति हो भन्ने विचारलाई सत्यापन गरिएको छ । यसै मान्यतामा हिमाली जीवनप्रक्रिया सञ्चालित भएको सन्दर्भलाई आख्यानीकरण गरिएको निष्कर्ष छ । जीवननिर्वाहको गति उत्पादनश्रमसम्बन्ध तथा त्यसले प्रदान गरेका प्रतिफलनमा आधारित हुन्छ । त्यसैगरी समाज निश्चित साझा परम्परागत विश्वास, प्रचलन तथा अन्धविश्वासलाई ग्रहण गर्ने परिपाटीबाट गुज्रिएको हुन्छ । यसै आधारमा एकै महिलालाई दुई वा सोभन्दा बढी पुरुषले पत्नीका रूपमा स्वीकार्ने चलन बस्नु पनि महाभारतकालीन द्रौपदी विवाहको मिथकीय स्वीकरण हो भन्ने निष्कर्ष प्राप्त भएको छ ।*

**शब्दकुञ्जी**ः उत्परिवर्तन, उत्पादनश्रमसम्बन्ध, उद्विकास, मिथक, वाहकाणु ।

## विषयपरिचय

*द्रौपदी अवशेष* (२०७८) नीलम कार्की निहारिकाको नवीनतम उपन्यास हो । नेपाली साहित्यमा 'आमा' (२०४२) कविता प्रकाशित गरेर प्रवेश गरेकी कार्कीको सक्रिय उपस्थिति सिर्जना यात्रामा अद्यापि निरन्तर देखिन्छ । 'एकै मृत्युका यी दुई रूप' (२०५२) शीर्षक कथा प्रकाशित गरी यिनको कथा प्रकाशन यात्रा आरम्भ भएको हो भने *मौन जीवन* (२०५१) यिनको पहिलो उपन्यास हो । यिनका हाल सम्म *हवन* (२०६२), *कागजमा दस्तखत* (२०६६) र *बेली* (२०६८) कथासङ्ग्रह प्रकाशित छन् । त्यसैगरी *नियतिको खेल* (२०५३), *तिमी, म र उनी* (२०५८), *अर्की आइमाई* (२०६८), *चिरहरण* (२०७२), *योगमाया* (२०७५) र *द्रौपदी अवशेष* (२०७८) उपन्यास प्रकाशित छन् ।

* *दीपकप्रसाद ढकाल, त्रिवि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा उपप्राध्यापक हुनुहुन्छ ।*

आफ्ना आख्यानमा समाजका महनीय पक्ष, प्रचलित पौराणिक बिम्ब, पौराणिक आख्यान, लोकप्रचलन र व्यवहार आदिलाई पक्रेर प्रस्तुत गर्ने यिनको सिर्जनात्मक गुण देखिन्छ । आख्यानमा जनजीवनका भित्री गहिराइ, समास्याका कारण र तिनले जीविकामा पारेको प्रभावलाई अनुसन्धानात्मक सामग्रीको अध्ययनसमेत प्रयोग गरी प्रस्तुत गर्ने कला यिनको विशिष्ट पक्ष हो । प्रस्तुत लेख *द्रौपदी अवशेष* उपन्यासमा उपरीसंरचना निसृत संस्कृतिमा आधारित छ । उपरीसंरचना समाजको बाह्य तहमा देखिएको समुदायको साझा व्यवहार हो । कुनै पनि समुदायका बाह्य साझा व्यवहार विविध आन्तरिक कारक र परिस्थितिको बाह्य प्रतिफलन हो । उत्पादन श्रमसम्बन्धका कारण मानवीय व्यवहार, साझा प्रचलन तथा संस्कृतिको स्वरूप कसरी तयार हुन्छ भन्ने प्राज्ञिक जिज्ञासा यस लेखमा मुख्य शोध समस्या हो । यही प्राज्ञिक जिज्ञासालाई अनुसन्धानात्मक रूपले समाधान गर्नु नै यस लेखको उद्देश्य हो । *दौपदी अवशेष* उपन्यासले प्रस्तुत गरेको विषय सन्दर्भलाई पुस्तक समीक्षात्मक रूपले यस अघि अध्ययन गरिएको देखिन्छ तर संस्कृतिका निर्धारक अन्तर्तहका घटक र त्यसले मानवीय जीवनमा पारेको प्रभावमा आधारित भएर यस उपन्यासको अध्ययन भएको देखिँदैन । यही नै यस लेखमा अनुसन्धानको रिक्तता हो । यही रिक्तताको परिपूर्ति हेतु प्रस्तुत लेख तयार गरिएको हो ।

## अध्ययनविधि

प्रस्तुत लेखमा शोध क्षेत्र र समस्या सोद्देश्य रूपले चयन गरिएको हो । अध्ययनका निम्ति आवश्यक सामग्रीको स्रोत पुस्तकालय हो । यस अध्ययनमा सामग्रीलाई प्राथमिक र द्वितीयक गरी प्रयोग गरिएको छ । *द्रौपदी अवशेष* प्राथमिक र यस उपन्यासका विषयमा भएका अध्ययन तथा उपरीसंरचना सम्बद्ध सामग्री द्वितीयक हुन् । लेखमा विश्लेषणविधि आरम्भमा निगमनात्मक छ भने अर्थापन र सत्यापनका क्रममा आगमनात्मक विधि प्रयोग गरिएको छ । त्यसैले यसमा गुणात्मक अनुसन्धान पद्धति प्रयोग गरिएको छ । द्रौपदी अवशेष उपन्यास भएकाले यसका विधा तत्त्व (कथावस्तु, पात्र, परिवेश तथा दृष्टिविन्दु)को पृष्ठभूमिलाई यस लेखमा परोक्ष रूपले सन्दर्भित गरिएको छ । उपन्यासको पाठीय बाह्य संरचना यिनै तत्त्वको प्रतिफलन भएकाले लेखको मूल्य निर्णयमा यिनको परोक्ष प्रभाव छ । त्यसैगरी कुनै पनि समाज र समुदाय त्यहाँ उपलब्ध दिक् तथा कालको पर्यावरणीय प्रभावद्वारा विकसित हुन्छ । मानिस भूत कालिक बिम्ब तथा तिनले वर्तमानमा पार्न सक्ने अनुकूल तथा प्रतिकूल प्रभावको स्वप्नमा विश्वास गर्दछ भन्ने विचारलाई पाठीय साक्ष्यका आधारमा पुष्टि गरिएको छ । सैद्धान्तिक आधार निर्माणका निम्ति जनकलाल शर्मा (२०७७) को *हाम्रो समाज : एक अध्ययन* र मदनमणि दीक्षित (२०७४) को *हिन्दूसंस्कृतिको परिशीलन*लाई प्रयोग गरिएको छ ।

## उपरीसंरचना विश्लेषणको आधार

समाजले अङ्गीकार र स्वीकार गरेका साझा प्रचलन, विश्वास, बुझाइका आयाम, पारस्परिक सम्बन्ध, रीतिरिवाज, संस्कृति, सामूहिक विश्वास र लोकसम्मति बाह्य तहमा देखिने क्रियाकलाप हुन् । कुनै पनि समाजमा स्वीकारिएका साझा मान्यता, धारणा, रीतिस्थिति, चलनलाई नै सामाजिक व्यवहार भनिन्छ । यस्तो साझा रूपले प्रतिबद्ध भएका मानिस तथा तिनले सामूहिकतामा विश्वास गरी स्वीकारेको व्यवहार नै संस्कृति हो । समाज र संस्कृतिलाई एकमुष्ठमा उपरीसंरचना नामकरण गरी मानवीय साझा व्यवहार र क्रियाकलापको अध्ययन गरिएको पाइन्छ । त्यसैले प्रस्तुत विश्लेषणका सन्दर्भमा उपरीसंरचना भनेको मानव समुदायले अङ्गीकार गरेको संस्कृति हो ।

उपरीसंरचनाका विविध आधार हुन्छन् । मानिस खास पर्यावरणीय चरको साझा गुण निर्मित भएकाले प्रथमतः बाँचेको पर्यावरणको अवस्थिति र उक्त अवस्थितिले दिएका सबल पक्ष तथा शक्तिको प्रभावमा आधारित हुन्छ । "यस्तो निर्मितिका पाँच (प्राकृतिक चुनाव, आकस्मिक परिवर्तन, वाहकाणुको आकस्मिक हानि, पृथक्ता र अन्तर्यौनसम्बन्ध) प्रेरक आधार रहेको पाइन्छ" (शर्मा, २०७७, पृ. ८५) । समुदाय वा समाजको साझा व्यवहार तथा संस्कृति निर्धारणमा यिनै पाँच आधारले आन्तरिक तहमा भूमिका खेल्ने भएकाले यी उपरीसंरचनाका कारक हुन् । प्राकृतिक चुनाव डार्बिनको विकासवादी मान्यताको सार हो । "प्रकृतिमा कुनै पनि प्रजाति उसले बाँचेको पर्यावरणसँग निरन्तर सङ्घर्षमा रहेको हुन्छ" (कक्षपती, २०७८, पृ. ४२) । प्रकृतिले चुनाव गर्ने क्रममा निरन्तर सफल, अब्बल र सङ्घर्षशील रहेको प्रजातिले आफ्नो निरन्तरतालाई कायम गर्न सक्छ वा निरन्तरताका निम्ति जस्तो प्रकृति, स्वभाव, चुनौती, सीमा वा जटिलतालाई आत्मसात् गरेर अनुकूलीकरण हुनु पर्ने हो त्यस्तै बन्नु पर्ने हुन्छ । मानवले प्रचलनमा ल्याएका संस्कृति, समाज निर्माणका आधार, बसोबासको सम्भाव्यता र सांस्कृतिक विशिष्टता भनेकै यही चुनावको सिद्धान्त हो । नेपालका उच्च हिमाली क्षेत्र र हिमाल पारिका स्थान (च्याङ), हिमालको दक्षिणतिरको उच्च पहाडी लेक र खर्क(रोङ) मा पाइने समाज तथा संस्कृतिमा भिन्नता हुनु, पहाडी क्षेत्रका समुदाय र पहाडकै बेसी क्षेत्रका समुदायमा पाइने संस्कृतिको भिन्नता पाइनु, भित्री मधेस र उपत्यकामा फरक प्रकारको रहनसहन, समाज र संस्कृति पाइनु, तराईमा फरक वेशभुषा, चालचलन, खानपान र संस्कृति पाइनु प्रकतिको चुनाव र छनोटको सिद्धान्तमा आधारित व्यवहार हो । यस्ता पृथक्ता भाषा, खानपान, चाडबाड, पोशाक, अम्मल, बसोबासका निम्ति चयन गरिएको भू बनोट, हावापानीमा हुने फेरबदलको स्वभावअनुसार देखिने विविधता, परस्परमा गरिने सामूहिक व्यवहार र आत्मीयता, पशुचौपाया पालन र तिनबाट प्राप्त गरिने वस्तु एवं त्यस्ता वस्तुको सङ्ग्रहण र विनिमय प्रणाली, शकुन र अपशकुनका विषय, मनोरञ्जनका विधि र प्रक्रिया, नाचगान तथा नृत्य, वाद्यवादनका साधन जस्ता विविध सन्दर्भलाई भौगोलिक अवस्थितिजन्य पर्यावरणले प्रभाव पारेको हुन्छ । प्राकृतिक चुनावको गतिशीलताले यस्ता साझा व्यवहार र सामूहिकतामा आधारित जीवनपद्धति निर्दिष्ट गरेका हुन्छन् ।

प्रकृतिको चुनाउ र जीवमा परेको त्यसको पारस्परिक प्रभावले आकस्मिक गुण, जैविक परम्पराभन्दा भिन्न देखिने स्वभाव वा विशिष्टपन देखापर्छ किनभने कुनै पनि प्राणी पर्यावरणका विविधतामा परीक्षण र अन्तर्क्रियाको बाह्य परिणाम हो । यस्तो वाहकाणु (क्रोमजोमको समूह) मा देखिएको परिवर्तनले पनि जैविक निजत्व र मानव समुदायको उपरीसंरचनामा प्रभाव पार्ने देखिन्छ । यसप्रकार "प्राणीको वाहकाणुमा नयाँ गुणको प्रभाव परेपछि त्यसको कारणले गर्दा नयाँ प्रजाति उत्पन्न हुन्छ र त्यही पछि गएर त्यसको प्रवर्तक बन्छ" (शर्मा, २०७७, पृ. ८६) । मानव समुदायको उपरीसंरचनामा देखिने विविधतामा वाहकाणु (क्रोमजोम समूह) पनि हो । मानव समुदायमा भएका उपरीसंरचनाका विविधतामा आकस्मिक परिवर्तन (म्युटेसन) को भूमिका विशिष्ट रहेको हुन्छ । समयको गति र कालान्तरमा देखिएका विविध प्रजाति, शारीरिक बनोट, अङ्ग संरचनाको आन्तरिक प्रणालीमा आएको फेरबदल, त्यसले बाह्य संरचनमा पारेको प्रभाव, खास प्रजातिमा पाइने विशिष्ट शारीरिक गुण, स्वभाव, सहन क्षमता, प्रतिरोध तथा प्रतिकारको अभ्यास आदिलाई यस्तै आकस्मिक परिवर्तनको परिणाम रूप मानिन्छ । नेपालको विविध भौगोलिक संरचना र त्यसअनुसारका तापक्रमको विविधताका कारण क्रोमजोमको बनोट, सक्रियता र स्वभावमा आएको परिवर्तनको परिणाम स्वरूप "कतै एकपति विवाह, कतै बहुपति विवाह (प्रत्येक पतिले आफ्नी साझा पत्नीप्रति एकनिष्ठ रहने विवाह), कतै बहुपत्नी विवाह, परिवारकै नातासँगको वैवाहिक सम्बन्ध पाइन्छन् (बराल, २०५० पृ.

१००) । यसमा शरीररचना प्रणालीको अन्तर्यमा रहेको वाहकाणु (क्रोमजोम) को बनोट, सक्रियता र स्वभाव मुख्य आधार हुन्छ । मानव समुदायको उपरीसंरचनामा वाहकाणुको अनुकूल फेरबदल मात्र नभई प्रतिकूल फेरबदल वा लोप पनि हुन्छ । यस्तो आकस्मिक लोपका कारण कुनै मानवीय जाति वा त्यसको नश्लमा हुने फेरबदलले पनि प्रजाति निर्धारणका आधार तयार गरेको हुन्छ । क्षति वा नाश एकातिर भएको गुणको अभाव हो भने अर्कातिर परिपूरणसहित नव गुणको प्रवेश पनि हो । "मानव समुदायको उपरीसंरचनामा भौगोलिक र सांस्कृतिक पृथक्‌ताले फरक प्रजातिको निर्धारण र पारस्परिक व्यवहारलाई प्रभाव पारेको हुन्छ" (शर्मा, २०७७, पृ. ८६) । नेपालको भौगोलिक विविधताले त्यसलाई वासस्थान बनाएका मानिस र तिनको व्यवहारमा निर्दिष्ट पृथक्‌ता सिर्जना गर्नु तथा कालान्तरमा तिनले फरक प्रजातिको स्पष्ट पहिचान प्राप्त गरेका कारण उपरीसंरचना नवनव आयाम विकसित हुनु यसैका प्रतिफलन हुन् । यौन सम्बन्ध र त्यस क्रममा सृजित फरक वाहकाणु (क्रोमजोम) ले पनि उपरीसंरचामा पृथक् प्रजाति उत्पन्न गरेको हुन्छ। "नेपालको परम्परागत व्यापार तिब्बतसँग भएका बेला काठमाडौंका बज्राचार्यले तिब्बती नारीसँग गरेको यौनसम्बन्धबाट जन्मिएका 'उदास' जाति, मल्ल राजाहरूले तिब्बती नारीसँग गरेको यौनसम्बन्धबाट उत्पन्न 'राजलवट' जातिलाई अन्तर्यौनसम्बन्ध निसृत पृथक् प्रजातिको नयाँ उदाहरण मानिएको छ" (शर्मा, २०७७, पृ.८७) । यसले पनि मानव समुदायको उपरीसंरचनामा उद्विकासवादी मान्यताको प्रभाव पुष्टि गर्छ ।

मानवका साझा प्रचलन र व्यवहारका पछाडि निश्चित लोकविश्वास, परम्परागत सम्मति, अन्धविश्वास वा हितकेन्द्री प्रचलन व्यवहारमा ल्याइएको हुन्छ । नेपालका हिमाली क्षेत्रका बासिन्दा र विशेषतः पश्चिमोत्तर हिमाली क्षेत्रका बासिन्दामा पनि त्यहाँ प्रचलित पौराणिक जनविश्वास, लोकसम्मति र साझा हितकेन्द्री दृष्टिकोणले काम गरेको देखिन्छ । महाभारतमा वर्णित कुन्ती नामक पात्रको यौनिकता र यौनसम्बन्धलाई उदार तथा स्वतन्त्र व्यवहारका रूपमा प्रस्तुत गराउने आधारको प्रभाव पनि यहाँका साझा व्यवहारमा पाइन्छन् । "महाभारतमा कुन्तीलाई नारी अनावृत जाति हो । त्यसैले शारीरिक संसर्ग स्वाभाविक व्यवहार (कुनै मर्यादाको प्रश्न भन्दा माथिको) भनी धर्मराज, वायु र इन्द्रसँग शारीरिक सम्पर्क गराई क्रमशः युधिष्ठिर, भीम र अर्जुनको जन्म भएको हो" (दीक्षित, २०७४, पृ. ३६७) । यसले नारीसँगको उत्पादक क्षमता, त्यसको निर्बाध निष्काशन र सन्तानोत्पादनमा अग्रणी हकदारको स्थान मिथकीय रूपमा स्थापित गरेको देखिन्छ । कुन्तीको परिवारको सदस्य द्रौपदीले पनि पूर्व जन्ममा महादेवसँग पतिमा हुनु पर्ने पाँच गुण (सत्यवादी, बलशाली, ज्ञानी, सहनशील र सुन्दर) को माग राखेको पौराणिक मिथकीय सन्दर्भ प्राप्त हुन्छ तर यस्ता पाँचै गुणले युक्त वर प्रदान गर्न नसक्ने र पृथक्‌पृथक् व्यक्तिमा यस्तो गुण प्रदान गरी पति दिन सक्ने वचन दिएका कारण महाभारतमा द्रौपदीले पाँचपाण्डवलाई पतिका रूपमा स्वीकारेको सन्दर्भ पाइन्छ । "महाभारत युद्धको समाप्तिपश्चात पाँच पाण्डवहरू युद्धपछि मानसरोवरको बाटो हुँदै स्वर्ग जाँदा यही बाटो भएर गएको भन्ने जनविश्वास पनि छ" (लामा, २०७८, पृ. ६) । नेपालको हिमाली क्षेत्रमा भगवान् शिवको वासस्थान कैलाश पर्वत रहेको, शिवले दिएको वरदान स्वरूप द्रौपदीले पाँचपाण्डवलाई पतिका रूपमा स्वीकारेको, कैलाश पर्वत पनि पश्चिमोत्तर हिमाली क्षेत्रको मानसरोवरको आसपास रहेको भन्ने किंवदन्तीको प्रभाव स्वरूप त्यहाँका मानवसमुदायको उपरीसंरचना सत्यको नजिक हुने गरी पुनर्निर्माण गर्न सकिन्छ । कुनै समुदायले ग्रहण गरेका प्राचीन आद्यबिम्ब, मिथकीय सन्दर्भ, साझा विश्वास र लोक सम्मतिले त्यस समुदायको जीवनशैलीलाई प्रभाव पार्ने भएकाले महाभारतको प्रसिद्ध मिथकले पनि नेपालको पश्चिमोत्तर हिमाली क्षेत्रमा विवाह संस्कृतिलाई प्रभावित पारेको देखिन्छ ।

मानिसका रहनसहन, कार्यशैली, आहारविहार, चाडबाड, आर्थिक गतिविधि, उत्पादनका साधनको उपलब्धता र ती साधनसँगको श्रमसम्बन्धले उपरीसंरचना निर्माणमा भूमिका खेलेका हुन्छन् । नेपालको हिमाली क्षेत्रको भूबनोट जटिल, भिरालो, उब्जाउ भूमिको अभाव, अनुत्पादक र जर्जर माटो, चिसो र उमार क्षमता नै नाश गर्ने प्रकारको हावापानी आदिको समष्टि हो । उब्जाउ जमिनको अभावका कारण खाद्यान्न उत्पादनमा परेको प्रतिकूल प्रभाव, बढ्दो जनसङ्ख्यालाई धान्ने खाद्यान्न र पोषणको सन्तुलित आपूर्तिका दृष्टिले यहाँको भूबनोट प्रतिकूल छ। त्यसैले जनसङ्ख्या वृद्धिको आधार वैवाहिक सम्बन्ध र त्यसको एकाइगत प्रभावलाई न्यूनीकरण गर्न, श्रमसम्बन्धबाट प्राप्त प्रतिफलबाट बढ्दो जनसङ्ख्याको आवश्यकतालाई धान्न नसक्ने अवस्थाबाट मुक्त गरी सन्तुलित जीवनयापनलाई जीवनशैली बनाउन पनि एकै महिलामा परिवारका पुरुष वर्गले शारीरिक सम्बन्ध राख्ने तथा महिलाले पनि सबै पुरुषलाई समान भावनात्मक व्यवहारले हेर्ने प्रचलन विकसित भएको देखिन्छ।

> बहुपति वैवाहिक प्रथाअनुसार दाजुभाइहरूबीच पुस्तौंसम्म घर नछुट्टिने हुँदा सगोलका जमिनहरू पुस्तै पिच्छे जेठोदाइ एक जनाको नाममा मात्र नामसारी हुने व्यवस्था छ । उत्पादन श्रमसम्बन्धको यस्तो अवस्थाले परिवारका निम्ति खाद्यान्नको व्यवस्था, पारिवारिक कलह र मनमुटाव व्यवस्थापन गर्न, प्राकृतिक साधनको किफायत गर्न अनुकूल स्थिति निर्माण गरेको देखिन्छ । यद्यपि यसमा जमिनको हकभोग सम्बन्ध नीतिगत प्रावधानमा केही प्रतिकूलता देखिएका छन् । समुदायको स्वभाव र प्रकृति तथा त्यसको समाजशास्त्रीय अध्ययन नगरी तर्जुमा गरिएका नीतिको परिणाम स्वरूप यस्तो अवस्था सिर्जना हुन पुगेको हो । (लामा, २०७८, पृ. ७)

जे होस् समुदायले निर्दिष्ट गरेका प्रचलनका पछाडि बासस्थानमा उपलब्ध भूबनोट तथा पर्यावरणीय विशिष्टता मुख्य कारक बनेको हुन्छ।

माथिको विमर्शका आधारमा उपरीसंरचनालाई उद्विकासवादी मान्यता, मिथकीय सन्दर्भ र उत्पादनश्रम सम्बन्धका कोणबाट अध्ययन गर्न सकिन्छ । कुनै समुदायले आत्मसात् गरेको आर्थिक, सांस्कृतिक, लोकसम्मति, साझा हितकेन्द्री व्यवहार प्रजातिको अस्तित्व निर्माणका उद्विकासवादी प्रक्रिया, उत्पादन श्रमसम्बन्ध र मिथकीय लोकविश्वासमा केन्द्रित हुन्छ।

**विश्लेषण**

समाज प्राकृतिक छनोट तथा चयनको जैविक प्रणालीको उपज हो। त्यसैगरी जीवनयापनका निम्ति प्रयोग गरिएका उत्पादनश्रमसम्बन्ध तथा उपलब्ध साधनको परिणाम पनि हो । यसका अतिरिक्त मानवले खास अलौकिक पात्र तथा चरित्र, तिनका महनीय पक्ष र अद्भुततामा पनि विश्वास गरेको हुन्छ। तसर्थ उद्विकासवादी पठन, उत्पादन श्रमसम्बन्धवादी पठन र मिथकीय पठनलाई यसप्रकार विश्लेषण गरिएको छ :

**उद्विकासवादी पठन**

उद्विकासवादले प्रकृतिको छनोट प्रणाली र त्यसले सिर्जना गरेका कालान्तरका परिणामलाई स्वीकार्छ । मानव लगायतका कुनै पनि जैविक प्रजातिको हालको अवस्था प्रकृतिको छनोट र उद्विकासको परिणाम हो । यो आज

जस्तो छ कालान्तरमा त्यस्तै र निरन्तर कायम रहन्छ भन्ने होइन । छनोटका दैनन्दिन प्रक्रिया प्रतिपल घटित हुन्छन् र त्यस्तो घटित परम्परामा खास जैविक प्रजातिले आफ्नो अस्तित्व ग्रहण गरेको हुन्छ। *द्रौपदी अवशेष* उपन्यासमा उद्विकासका आधार, दिक्कालको अवस्थिति र तिनले चरित्रमा पारेको प्रभाव विश्लेषण यसप्रकार छ :

प्रकृतिको स्वभाव अनुसार मानवले आफ्ना पोशाक, आहार, लबज, आर्थिक क्रियाकलाप, सामूहिक रहनसहन र आदानप्रदान निर्धारण गरेको हुन्छ।

> बिहान थर्मसको चिया पिएर ओच्छ्यान छाडेको थिएँ । फेरि खर्कका गोठालासँगै बसेर गफिँदै नुन र चौंरीको घिउ राखेको चिया अनि घिउमह मुछेको जौको सातु पनि खायौं (पृ.३४) ।

खर्कको भू बनोट अत्यन्त ठण्डा र आर्द्रतायुक्त हावाको असर क्षेत्र हो। यस्तो स्थानमा मानिसले आफ्नो शरीरका निम्ति आवश्यक पर्ने तापक्रम सन्तुलित बनाउनु पर्ने हुन्छ। त्यसैले ऊर्जाको स्रोतका रूपमा स्थानीय तहमा उपलब्ध र आफ्नो शरीरलाई हित गर्ने पेय तथा खाद्यको छनोट गरिएको छ।

> त्यहीँ भेडाका बथान थिए। तिनलाई एकएक गर्दै दुहेको देखेपछि उभिएर भनेँ, "हाम्रोतिर बाख्राको दूध खाने चलन छैन।"
>
> "खाऊ, ज्यानमा तागत लाग्छ," हिँडिरहेको ग्याल्जनले भन्यो (पृ.३५)।

पोषणका आधार ग्रहणका प्रक्रिया फरकफरक हुन्छन्। लेकमा भुत्लादार पशुचौपायाको अस्तित्व हुने र तिनले चरन क्षेत्रको प्राकृतिक वनस्पति खाने भएकाले दूध वा दुग्धजन्य परिकार पनि उद्विकासवादको प्रमाण हो। यो उच्च हिमाली र लेक क्षेत्रको वास्तविकता पनि हो भने जीवशास्त्रीय कोणबाट पनि पुष्टि भएको विषय हो। अन्तर्यौनिक सम्बन्ध कायम गर्न पनि प्राकृतिक दिक्काल तथा त्यहाँ उपलब्ध हावापानीका परोक्ष प्रभाव रहन्छ किनभने कुनै पनि जीवमा उत्पादन हुने प्रजनक जीवाणु निर्माण गर्ने आधार नै यही हो। त्यसैले यौन सम्पर्कका निम्ति परिपक्वता निर्धारण गर्ने पनि खास समय हुने र त्यसभन्दा पहिले सम्पर्कका निम्ति समाजले पनि अनुमति नदिने संस्कृति उच्च हिमाली क्षेत्रका समुदायमा प्रचलित देखिन्छ।

> "हो त, एघार मात्र रैछौ। त्यति सानोमै विवाह भएको रैछ है, तिम्रो भन।"
>
> "ब्या दाइको मात्र भया हो। अरुको नाइ। सोर नभया भाउजू जोई नाइ हुन्या हुन्" टक्क उभिएर एकपछि अर्को पहाडको क्रमबद्धता हेर्दै १६ वर्षे उमेर नपुग्दासम्म श्रीमान् नमानिने कुरा भन्यो, ग्याल्जनले (पृ.३५)।

यस्तो प्रचलन समाजले केवल लहड र सतही सोचले मात्र बनाएको होइन। यसका पछाडि जीवशास्त्रीय आधार छ। त्यस्तो जीवशास्त्रीय आधार निर्माणमा त्यहाँको भौगोलिक बनोट तथा उपलब्ध हावापानी एवं खाद्यान्नको प्रजातिगत विशिष्टताले काम गरेको हुन्छ। पोशाकको बनोट र चयनमा पनि प्राकृतिक छनोट तथा उद्विकासले काम गरेको हुन्छ।

> जति मैले जाडो महसुस गरेको थिएँ, त्यति ग्याल्जनले थिएन। उसको पहिरनतर्फ हेरेँ। मेरो हेराइको अर्थ र ओठको कम्पन बुझेर होला, ग्याल्जनले भन्यो, "बक्खुले छेक्न्या जाडो अरुले छेक्दोइन, सर। अब तमि पनि यस्तै लगाउन्या गर। नभया पाखी लाऊ, लिउ ओढ्ने गर (पृ.३९)।"

प्रकृतिसँग सङ्घर्ष गरेर नै आफ्नो अस्तित्व बचाउ र निरन्तरताको यात्रा तय हुने हो । यस्तो चयन केन्द्रित प्रणालीलाई बुझेर नै उच्च हिमाली क्षेत्रमा बक्खु, पाखी र लिउको प्रचलन रहेको हो । त्यसैले यसका पछाडि उद्विकासवादी मान्यता लुकेको छ भने उपरीसंरचनाका तहमा सामाजिक तथा आर्थिक गतिविधि बनेर प्रस्तुत भएको देखिन्छ ।

प्रकृतिले ग्रहण गरेको जैविक परिवर्तनको क्रम मानव शरीर हो । प्रकृतिले दिएको (सङ्घर्ष गरेर अस्तित्वमा रहेको) हुनाले यसमाथि अधिकार पनि प्रकृतिको नै हुन्छ भन्ने मान्यता उच्च हिमाली क्षेत्रमा प्रचलित छ । त्यसैले बाँचुन्जेल पनि प्रकृतिका पोषण पान गरेर बाँच्ने, सत्कर्म गर्ने अनि मरेपछि त्यस्तो सत्कर्मीलाई प्रकृतिका अन्य प्राणीको आहार बनाउने प्रचलन देखिन्छ ।

> आत्माको स्थानान्तरणपछि मृत्यु संस्कार बारे पनि अवगत गराउँदा मृतकको शरीर पानीमा जीवलाई खुवाउने कुरा पनि गरेको थियो । भनेको थियो, "मर्यापछि पानीमा हुने जीवको पेटमा परे धर्म हुन्छ (पृ.५६)"....आमैले मलाई एकटकले हेरिन् अनि भनिन्, "हुन्छ, कोहीको पानीमा दिन्या पनि हुन्छ । जमिनमा गाड्न्या पनि हुन्छ । कसो गर्ने, कता लाने लामा बताउँछ । पाप गर्या भया चरालाई दिन्या राम्रो मान्दोइन (पृ.५६) ।"

प्रकृतिले सबैलाई समान अवसर प्रदान गर्ने र सबैले आफ्नो क्षमताअनुसार अवसरको उपयोग गर्ने समतामा आधारित व्यवहार मानिसमा पनि सरेको पुष्टि हुन्छ किनभने मृत्युपछिको मानव शरीर अर्को कुनै जीव वा प्राणीको आहारा हो । यसलाई अवसरको समानतामा आधारित व्यवहार मान्न सकिन्छ ।

मानव समुदायको साझा व्यवहार र प्रचलन पर्यावरणीय दिक्काल तथा त्यसका चरउपचरका बाह्य प्रतिफलन हुन् । कस्तो जीवनशैली अपनाउने, खानपान र वेषभूषा कस्तो तय गर्ने, आर्थिक क्रियाकलापलाई कसरी जीवनमुखी बनाउने सबै विषय पर्यावरणीय दिक्कालका आधारमा मापनीय सन्दर्भ हुन् । *द्रौपदी अवशेष* उपन्यासले पनि उच्च हिमाली क्षेत्र र त्यहाँको पर्यावरणीय विशिष्ट पक्षलाई मुख्य निर्धारक मानेको छ । यस उपन्यासमा आएका पात्र र तिनको खानपान, पहिरन तथा मृत्युपछिका संस्कारमा पनि यही उद्विकासवादी प्रभाव चित्रण भएको छ ।

**उत्पादन श्रमसम्बन्ध**

मानवका आजीविका उसले चयन गरेको बासस्थान तथा त्यहाँ उपलब्ध उत्पादनका साधनको बाह्य प्रतिफलन हो । कस्तो आर्थिक गतिविधि, कस्तो उपभोग संस्कृति, परिवारको व्यवस्थापन कसरी, के कति आर्थिक व्ययभार ग्रहण क्षमता विकास गर्ने, रुचि र सोख कस्ता अपनाउने, चाडपर्व र साझा व्यवहार कस्तो अपनाउने भन्ने विषय बासस्थानमा उपलब्ध उत्पादनका साधन र तिनले प्रदान गरेका विकल्पमा भर पर्छ ।

नेपालको उत्तरी हिमाली क्षेत्रका समुदायले अङ्गीकार गरेका सामाजिक, पारिवारिक, आर्थिक तथा सांस्कृतिक साझापनमा पनि यस्तो उत्पादनश्रमसम्बन्ध सम्बद्ध उपरीसंरचना देखिन्छ । विवाहलाई व्यक्तिगत र निजी विषयका रूपमा लिने नेपालका अन्य क्षेत्रका नागरिकका तुलनामा यहाँका नागरिकको वैवाहिक जीवन पनि पृथक् छ । नुर्बुले व्यक्तिगत रूपमा मन पराएर ल्याएकी पेमा पोइलतर्फका परिवार र समाजका अगुवा तथा आफन्तले कर गरेर बहुपतिको निर्णयमा पुगेकी छ । भौगोलिक विकटताका कारण निजी सम्पत्तिको मोह र निजी परिवारप्रतिको

प्रतिबद्धता गहिरो हुने र अन्ततः त्यसको प्रतिकूल प्रभाव जमिनको संरचना, बनोट र उर्वरामा पर्ने तर्क यहाँको समुदायमा प्रचलित देखिन्छ। सतही रूपमा यसलाई पुर्खा र समाजमा चलेको प्रचलन भनी पुष्टि गर्न खोजे पनि अन्ततः यसका पछाडि भू बनोटको प्रतिकूलता र खाद्यान्नको स्रोतमा पर्ने प्रतिकूल प्रभाव जोडिन्छ।

> "अलगअलग आआफ्ना एकएक लोग्नेस्वास्नी भन्ने हुन्न?" मैले एकैछिनमा छेउका बाबैसँग बुझ्न चाहेँ।
> बाबैले पुलुक्क स्वास्नीलाई हेरे र भने, "हुँदै नहुन्या होइन। भएको पनि छ।"
> बाबैको कुरामा आमैले तत्काल ठुलो आवाजमा असहमति जनाइन्, "त्यसो भन्यार कहाँ होला ?" पहिलेदेखिको चलन उसै मेट्न कहाँ पाइएला ? (पृ.५९)"

प्रचलन भन्नु समुदायको उपरीसंरचना हो तर कुनै पनि समाज र समुदायले अङ्गीकार गरेका गतिविधिका पछाडिको यथार्थ, वस्तुगत र जीवनसम्बद्ध कारण खोज्नुपर्छ। यसरी अन्तर्यमा कारणको खोजी गर्दा जटित भौगोलिक बनोट, उर्बर माटोको अभाव, खाद्यान्नको आपूर्तिमा देखिएको समस्या, जन्मिएका सन्तानलाई भरपेट खान दिन पनि नसक्ने अवस्थाले गर्दा एकल पत्नीभन्दा बहुपतिको प्रावधान जनसङ्ख्याको प्राकृतिक नियन्त्रण विधि हो भन्ने बुझाइ छ।

> एकछिनमा नरम स्वरमा भनिन्, "उहिलेदेखि एउटाले एउटी ब्या गर्यापछि तिनका सन्तान कति हुन्याछ ?" पर उवा हुर्कदै गरेको खेततर्फ इसारा गरेर फेरि भनिन्, "त्यहाँ खेतमा बाली होइन यस्तै घरघर हुन्या थियो। अनि कहाँ रोप्न्या ? कहाँ उब्जाउन्या, के खान्या, ती बढेका मुखले (पृ.५७)"

जन्मिएका सन्तानलाई भरपेट खाने बन्दोबस्त गर्न नसकेमा हुने दुर्घटनालाई टार्न प्राकृतिक निदानको उपाय रोजिएको देखिन्छ। प्रत्येकका एकएक पत्नी हुँदा निजी परिवारको सोच बलियो हुने र आकाङ्क्षा व्यवस्थापन गर्न समस्या हुने भएकाले तिनले निकालेको उपाय अन्ततः उत्पादनका साधन र त्यसले निर्धारण गरेका जीवनयापनका जटिलतामा केन्द्रित भएको छ। बहुपतिको यस्तो प्रचलनलाई स्वीकार्य बनाउन र आफ्नै अन्त्य निम्त्याउने सङ्कट टार्न समाजले नियम बनाएको छ।

> "त्यसलाई लैजाने को होला ? आफ्ना घरसल्लाह नमिली लगे, लोग्नेले आफ्ना घर बस्न पाउन्याछैन। अर्काकी जोई ल्याएर जारी बोक्न सबै भाइ राजी हुन गारो हुन्या छ, (पृ.५९)।"

कुनै कारणवश कसैले अर्काकी जोई मन पराएमा त्यसलाई वैध बनाउन चाहिने सामाजिक प्रावधान पनि जटिल छ। एकातिर स्वयंको सामर्थ्य भए पनि समाजबाट अलग भएर बस्नु पर्ने अवस्था छ। अर्कातिर परिवारको सहमति प्राप्त गर्न सबै भाइले जारी तिर्नमा राजी हुनु पर्ने प्रावधान छ। यो पनि उत्पादनका श्रमसम्बन्धले निर्दिष्ट गरेको परिबन्द र वैवाहिक जीवनमा पारेको प्रतिकूल प्रभाव हो। बाँच्ने आधार जमिनको उर्बरा रहेको र उर्बराको विकल्प प्राप्त नभएका कारण जनसङ्ख्यालाई नियन्त्रण गर्न सबै सहमत हुने तथा जस्तै पारिवारिक झमेला पनि पारस्परिक सन्तुलन कायम गरेर सुल्झाउने प्रावधान देखिन्छ। यसले अन्ततः निर्णय निर्माण र प्रक्रिया जमिनको बनोट तथा उत्पादनका साधनसँगको श्रमसम्बन्धलाई पुष्टि गरेको छ।

> "आफ्ना पोइमध्ये बच्चाको बुबा कुन हो भन्ने कसरी थाहा हुन्छ ?" अघिदेखि जान्न चाहेको तर सोध्न नसकेर भित्रभित्र बाफिएर बसेको प्रश्नको जबाफ खोजेँ मैले।
> "आमालाई थाहा हुने कुरा हो। आपा कुन हो भन्या। आमाले भन्या हुन्।" ग्याल्जनले जबाफ दियो (पृ.६३)।

मातृसत्तात्मक पारिवारिक थितिको अवशेषका रूपमा पनि यसलाई लिन सकिन्छ । पत्नीका विषयमा होस् वा सन्तानको हकदाबीका विषयमा होस् । कुनै पनि पुरुषले आफ्नो निर्णय लाद्न वा एकतर्फी रूपले परिवारमा हावी गराउन नपाउने प्रावधान पनि छ । बहुपति भएपछि क्रमशः बालिग भएका पति र तिनसँगको सहवासले निम्त्याउने प्रजनन अधिकारको छिनोफानो पनि पत्नीले नै गर्ने प्रचलन रहेकोबाट पनि मातृसत्ताको केन्द्रीय भूमिका पुष्टि हुन्छ ।

> पहिला जन्म्याको जेठाका, त्यसपछि जन्म्याको माइलाको, साइलाको गर्दागर्दै एकएक हिसाब लाउँछ कोही । कसैले महिनामहिनाको रगत गयापछि पहिला जोसँग बस्याको थिया, उसलाई बा अन्दाज पनि गर्दो छन् । तर भन्ने बेला सबैले जेठालाई आपा-बा भन्या हो । अरुलाई काका । जसको सन्तान भया पनि तेरोमेरो नभनी सबैले उति माया गर्छ बरोबर (पृ.६४) ।

आजीविकाका सबै प्रयोजन अन्ततः गाँस, बास र कपासमा जोडिन्छन् । यी तिनै पक्षको अनुभूति पनि घर वा परिवारबाट आरम्भ हुन्छ । उत्पादनका साधन कम हुने भएकाले र सीमित साधनबाट परिवारमा सन्तुलित जीवनयापन कायम गर्नु पर्ने भएकाले पनि नारीलाई नै केन्द्रमा राख्ने प्रचलन विकसित भएको हो । यस उपन्यासमा चित्रण गरिएका पात्र तथा विवाह नामक सँस्थाको गठन र विकासमा पनि उत्पादनश्रमसम्बन्धको भूमिका छ । पहाडी भू-बनोट र त्यसले आजीविकामा पार्ने प्रतिकूल असरको वैज्ञानिक समाधानलाई संस्थागत रूप दिएको देखिन्छ ।

**मिथकीय विश्वास**

मानव समुदाय निश्चित साझा अलौकिक विश्वास, बुझाइ, स्वीकार्यतामा अडिएको हुन्छ । यस्ता पुरातन, पौराणिक तथा अन्धविश्वासमा आधारित लोकआस्थालाई मिथक भनिन्छ । यस्तो लोकविश्वासका आधारमा तिनले आफ्ना पारिवारिक, सामाजिक तथा सांस्कृतिक गतिविधिलाई जोडेका हुन्छन् । यसलाई जीवनशैली बनाएका हुन्छन् भने आस्थाको साझापनका कारण समुदाय नै केन्द्रीकृत पनि भएका हुन्छन् । यसै लोकआस्था र साझा सम्मतिका आधारमा तिनले निश्चित जातीय, सांस्कृतिक विशिष्ट पहिचान पनि प्राप्त गरेका हुन्छन् । *द्रौपदी अवशेष* उपन्यासमा पनि नेपालको हुम्ला जिल्लाका समुदायमा प्रचलित पौराणिक महाभारतकालीन बहुपति मिथकीय सन्दर्भलाई विवाहसम्बन्धी संस्कृतिका रूपमा अङ्गीकार गरेको देखिन्छ । "तम्लाई..था छ छैन ? हामीकाँ फरक हुन्छ, ब्या" ग्याल्जनले एकैछिनमा भन्यो मसिनो स्वरमा । ..."हाम्रामा दाइले ब्या गर्यापछि त्यही जोई भाइको पनि हुन्या हो, " दुवै हत्केलालाई आपसमा रगेड्दै अघिभन्दा पनि सानो स्वरमा भन्यो ग्याल्जनले (पृ.२८) । एउटै पत्नीबाट सबैलाई सुख मिल्ने विश्वास कायम हुनु र त्यसलाई विवाह संस्कृतिकै रूपमा समाजले स्वीकार्नु भनेको त्यस समुदायले विश्वास गरेको पौराणिक उक्ति र तिनका चरित्रप्रतिको आस्थाको प्रभाव पनि हो । त्यसैले अन्य समुदायकाले यस्तो प्रचलनलाई के भन्लान् भन्ने पनि कुनै सङ्कोच नहुने अवस्था यस उपन्यासको दिक्कालमा आख्यानीकरण भएको छ ।

> ग्याल्जनले पुलुक्क मतिर हेर्‍यो । सबै चुपचाप थिए । कोहीले उसका कुरा बुझेका पनि थिए होलान् । धेरै भने अलमलमै थिए । "पाँच पाण्डवकी द्रौपदी जस्तो हो क्य यता सबै भाइकी एउटै स्वास्नी" भनेर हीही गर्दै हाँस्यो उही गलबन्दीवाला (पृ.४४) ।

विवाहसम्बन्धी यस्तो प्रचलनलाई अन्यले निको मान्दैनन् भन्ने जान्दाजान्दै पनि स्वाभाविक रूपमा स्वीकार्नु र सबैका सामु भन्नु पौराणिक मिथक तथा त्यसको प्रभावमा केन्द्रीकृत हुनु हो तर पौराणिक मिथकमा सबै एकै पत्नीमा

आनन्दित हुन्थे भन्ने भनाइले यथार्थ जीवन निर्देशित हुन भने मुस्किल पर्ने अवस्था छ। हरेक व्यक्तिले भावनालाई प्रस्तुत गर्ने, अर्काको भावनालाई सम्मान गर्ने, चासो र चिन्ता लिएर नजिक राख्न चाहने स्वभाव फरक हुन्छ। त्यसैले यस्तो दाम्पत्य सम्बन्धमा खटपट पनि हुने अवस्था देखिन्छ। यो यथार्थ भोगाइको विषय भएकाले मिथमा सुनिए जस्तो जीवन हुँदैन।

> हतारहतार घरीघरी पछाडि फर्कंदै पर्खालमा छेकिदै घरतर्फ आउँदै गरेको साइँलालाई देखाउँदै आमाले भनिन् "ऊ खेतको काम छाडेर आयो लुक्यार, पेमा घरमा छ। त्यही भएर रिस गर्छ नुर्बु (पृ.५५)"।

यस्तो अवस्था पतिपट्टि पनि देखा पर्छ। पत्नीबाट पाएको मायाले भाइभाइमा सबैलाई चित्त नबुझ्न पनि सक्छ तर यस्तो अवस्थामा पतिले पनि विकल्प सहजै खोज्न पाउने उदार यौन व्यवहार उपन्यासको समाजमा देखिन्छ। यसले एकातिर नारीको निर्णयाधिकारमा अडिएको प्रचलन पुष्टि गरेको छ भने अर्कातिर पुरुषमा पनि कुनै छेकबार र रोकटोक नहुने प्रचलन स्थापित गरेको छ।

> उनले मलाई हेरिन् र पेमाको अघिल्लो सन्दर्भ उठाएर भनिन्, "आफ्नो पोइ सबैलाई बरोबर देख्नु पर्छ, आफूले बलियो गरी मायाले बाँधिराख्नपर्छ। नत्र जान्छन्। उनका पनि मन हो क्या।"
>
> कहाँ जान्छन् ?
>
> जान्छन्, चरी चरनमा घाँस चर्न गयाझैं। पोइका घर नगएर यसै बसेका पाइँदो होला नि कतै (पृ.५७.)।"

शारीरिक सम्पर्कका मामलामा हुम्लाका उत्तरी भेगका नागरिक उदार छन् भन्ने सन्दर्भ यसबाट पनि पुष्टि हुन्छ। पतिहरूका मनोभावना बुझेर तिनलाई गर्ने व्यवहार सन्तुलित बनाउनु पर्ने जिम्मेवारी पनि नारीमा नै छ। जसरी महाभारतको मिथकमा द्रौपदीले सबैसँगको पारिवारिक सम्बन्ध सुमधुर कायम गरेकी छ। त्यसैगरी यस समुदायकी नारीले पनि गर्नु पर्ने अन्यथा पतिहरू बरालिने र नारीको भूमिकामा कमजोरी देखिने बुझाइ समाजमा विद्यमान छ। यस्तो उदार यौनिक सम्बन्ध र त्यसको पालनामा खेल्नु पर्ने भूमिका उपन्यासमा चित्रित छ। पत्नीमा स्वाभाविक आकर्षण पाउने वातावरण महाभारतमा द्रौपदी स्वयंले वरदान स्वरूप पाएकी थिइन् तर यो यथार्थ जगत् भएकाले मानिसका रुचि, स्वभाव र भावनाले काम गर्ने संस्कृति पनि देखिन्छ।

> नुर्बुका जेठा दाजुलाई त्यहाँ देख्नासाथ मेरो मनमा एक्कासि प्रश्न उठ्यो- "पेमाको बिहेको पहिलो रात कोसँग बित्यो होला ? अर्जुनले पाञ्चाली अर्थात् द्रौपदी जितेर ल्याए पनि प्रथम स्वयंवर जेष्ठ कुन्तीपुत्रसँग भएको थियो। बिहान नुहाएपछि पुन कुमारी हुने वरदान पनि त थियो, द्रौपदीलाई, तर पेमा ? उसको पहिलो लोग्ने नुर्बु भयो होला ? या नुर्बुका यी जेठा दाजु ? मेरो प्रश्नले जवाफ पाउन त्यति सहज थिएन (पृ.८०)।"

समाज र समुदायले अङ्गीकार गरेका विवाह सम्बन्धी हरेक गतिविधिमा महाभारतकालीन मिथक जोडिएको छ। यो यस उपन्यासका पात्र र तिनले पत्नीका सम्बन्धमा बनाएका पारस्परिक सम्मतिमा आधारित धारणामा आएका छन्। यसले पनि भगवान्को पालामा पनि चलेको र हामीले त्यस्तो गर्नु सर्वथा उपयुक्त र न्यायोचित हुने विचार पुष्टि गर्छ। महाभारतमा पाण्डवले द्रौपदीमा मात्र पत्नीभाव नराखेर बाहिर पनि शारीरिक सम्बन्ध राखेको तथा सन्तानसमेत जन्मिएका घटना छन्। शारीरिक सम्बन्धका नाममा हुने त्यस प्रकारको उदारताको प्रभाव यस उपन्यासको दिक्कालले

प्रतिनिधित्व गरेको समाजमा पनि देखिन्छ। "भाइभाइको स्वीकृतिमा जन्मिएको सन्तान 'रङ्लु', गोप्य सम्बन्ध राखेर जन्मिएको र परिवार तथा समाजका सामु लुकेको सम्बन्धबाट जन्मिएको 'न्यालु', विवाह नगरी कसैको बाहिरी पत्नी भएर बस्ने 'सुर्मु'को प्रचलन" (पृ.१०३) पनि महाभारतकालीन घटनासँग मेल खाने गरी आएको छ। यस आधारमा पनि प्रस्तुत उपन्यासमा महाभारतकालीन मिथकीय सन्दर्भको प्रभाव परेको देखिन्छ। उपन्यासका यी सबै घटना सन्दर्भ र तिनले प्रस्तुत गरेको सांस्कृतिक विश्वासका आधारमा प्रस्तुत उपन्यासले महाभारतको मिथकीय आस्था र साझा विश्वासलाई विवाह संस्कारका सम्बन्धमा प्रयोग गरेको देखिन्छ।

*द्रौपदी अवशेष* उपन्यासले मिथकीय सन्दर्भलाई पात्रहरूको समाजमा प्रस्तुत गरेको छ। हुम्ला जिल्लामा प्रचलित बहुपति प्रथामा आधारित भएर गरिएको आख्यानीकरण भएकाले समाज निश्चित पौराणिक बिम्बको प्रभावमा बाँधिएको हुन्छ।

**निष्कर्ष**

नीलम कार्की 'निहारिका' नेपाली आख्यान विधामा स्थापित नाम हो। आफ्ना उपन्यासमा नेपाली समाज, आर्थिक, राजनीतिक, वर्गीय, ऐतिहासिक तथा पौराणिक पक्षलाई प्रभावकारी रूपले प्रस्तुत गरेका कारण यिनी विशिष्ट प्रतिभाका रूपमा पनि चिनिएकी छन्। समाज परिवर्तन र रूपान्तरणमा महिलाले खेलेको भूमिका, पौराणिक मिथकको प्रभाव स्वरूप नारीमाथि हुने गरेका आर्थिक तथा सांस्कृतिक दमन आदि यिनका आख्यानका कथ्य हुन्। समाजले आत्मसात् गरेको र समुदायको जीवनका रूपमा रहेको साझा प्रचलन तथा व्यवहार पनि आख्यानको विषय बन्न सक्छ भन्ने हेतुले यिनले *द्रौपदी अवशेष* जस्तो पृथक् तर महाभारतको मिथकमा आधारित उपन्यास लेखेको देखिन्छ। *द्रौपदी अवशेष* मुख्यतः हुम्लाको उत्तरी भेगमा प्रचलित बहुपति प्रथा र त्यसले सिर्जना गरेका सामाजिक तथा मानवीय भावनाका जटिलतामा केन्द्रित उपन्यास हो। प्रस्तुत उपन्यासले पनि हुम्लाका नागरिकको बसोबास, पोसाक, खानपान, पशुपालन, पेयपदार्थ, शारीरिक तथा मानसिक स्वभाव प्राप्त गरेको देखिन्छ। उब्जाउ भूमिको अभावका कारण जनसङ्ख्या रोकथाम गर्ने प्राकृतिक तरिका (बहुपति प्रथा)मा बहुपति प्रथालाई यहाँका नागरिक स्वाभाविक मान्छन्। पत्नी, सन्तान, व्यक्तिगत सम्पत्ति जस्ता विषयमा तिक्ततापूर्ण सम्बन्ध नहुनु यसैको बाह्यतलीय प्रभाव हो। त्यसैगरी समाजमा प्रचलित लोकसम्मति, अन्धविश्वास र धारणाले पनि मानव बस्तीलाई गति दिएको हुन्छ। यस उपन्यासमा पनि महाभारतको मिथकीय सन्दर्भलाई आधार बनाएर एकै नारीमा आफ्नो शारीरिक आसक्ति केन्द्रित गर्ने, नारीले पनि जिम्मेवारीपूर्वक सबै पतिलाई व्यवहार गर्ने, बदमासी गर्न वा कुनै पतिप्रति धोकापूर्ण व्यवहार गर्न परम्परा, पुर्खा र भगवान्का पालादेखि नै नहुने विश्वास छ। यस आधारमा हेर्दा यस उपन्यासले कार्यपीठिका बनाएको समाजमा बहुपति हुनु र बहुपतिप्रति इमान्दार भएर बस्नु नैतिक आचरण हो भन्ने महाभारतको मिथकीय सन्दर्भलाई पनि केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरिएको देखिन्छ। उपन्यासले आख्यानीकरण गरेको कथावस्तु, तिनलाई विकसित गर्नका निम्ति आयोजना गरिएको द्वन्द्व र विकास, पात्रको चरित्रलाई परिपक्व र कारणकार्यको अन्तरसम्बन्धमा उनेर प्रस्तुत गर्ने कला जस्ता आख्यान संयोजनका दृष्टिले केही फितलो देखिनु यस कृतिको सीमा हो।

**सन्दर्भ सामग्रीसूची**

इस्माली र गौतम, लक्ष्मणप्रसाद (२०७३), *प्रज्ञा आधुनिक नेपाली कथा,* भाग-५, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

एटम, नेत्र (२०७०), *नेपाली डायस्पोराका नारी कथाकार र कथा,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

कक्षपती, सावित्री (२०७८), *उत्तरवर्ती चरणका नेपाली कथामा संस्कृति,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

कार्की, नीलम (२०७८), *द्रौपदी अवशेष,* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

गौतम, टेकनाथ (२०५५), *पुनर्विवाहविमर्श,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

दीक्षित, मदनमणि (२०७४), *हिन्दूसंस्कृतिको परिशीलन,* दोस्रो.संस्क., काठमाडौँ : मञ्जरी पब्लिकेशन ।

बराल, वासु (२०५०), *हिन्दू सामाजिक सङ्गठनको प्रारूप,* दोस्रो.संस्क., ललितपुर : साझा प्रकाशन ।

मैनाली, सुजित (२०७३), "कसले पछि पार्यो दलितलाई ?", *अन्नपूर्ण फुर्सद* (फागुन-१४), पृ. क. ।

लामा, छक्कबहादुर (२०७८), "मन्तव्य" *द्रौपदी अवशेष,* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, जनकलाल (२०७७), *हाम्रो समाज : एक अध्ययन,* सातौँ.सँस्क., ललितपुर : साझा प्रकाशन ।